बालविवाह सामाजिक र कानूनी अपराध हो
- बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
epateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० मङ्सिर २६ गते मङ्गलवार // मृत भस्म नबन्दैमा फिल्को भैकन बल्नुछ // 2023 December 12 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १०२

## बिएचयूमा भर्नाको नाममा आर्यन कन्सल्टेन्सीद्वारा ठगीधन्दा

प्रस, वीरगंज, २४ मङ्सिर/ भारतको बनारस हिन्दू विश्वविद्यालय (बिएचयू)मा भर्ना गराउने नाममा ठगीधन्दा भइरहेको छ । 'हिङ लगे ना फिटकीरी, रङ्ग भी चोखा होय' लोकोक्तिझैं २० रुपैयाँको इन्टरनेट, २० रुपैयाँको विद्युत् र आधा घण्टा समय खर्चेर अनलाइन फाराम भर्न मिल्ने कार्यको लागि लाखौं ठगी गर्ने शैक्षिक माफियाहरू देशभरि विभिन्न स्थानमा सक्रिय छन् । ठगहरूले अति झन्झटिलो प्रक्रिया र सोर्सविना बिएचयूमा भर्ना हुन नसक्ने भन्दै निरीह विद्यार्थी, अभिभावकहरूमाथि मनोवैज्ञानिक त्रास सिर्जना गरी ठगीधन्दा चलाइरहेको पाइएको छ ।




एक मजदुरले सात सय रुपैयाँ प्राप्त गर्नको लागि आठ घण्टा श्रम गर्नुपर्छ । तर यी ठगहरूले अनजान अभिभावक, विद्यार्थीहरूलाई अवैध आम्दानीको उपक्रमको रूपमा प्रयोग गरिरहेका छन् । अवैध तरीकाले दुईदेखि तीन लाख रुपैयाँ असुल गरिरहेको पाइएको छ । वीरगंज महानगरपालिका वडा नं ११ आश्रम रोडस्थित आर्यन एजुकेशन कन्सल्टेन्सीका सञ्चालकत्रय उमेश पण्डित, आर्यन पण्डित र महम्मद अलीले परामर्शको नाममा विद्यार्थीहरूसँग ठगी गरिरहेको अभिभावकहरूको आरोप छ ।

वीरगंजका एक अभिभावकका अनुसार उमेश पण्डितले उनीसँग भारु एक लाख र फर्म बुझाउने शुल्क तीन हजार गरी भारु एक लाख तीन हजार ठगेको दुःखेसो पोखे ।

त्यसैगरी, पर्साको पोखरिया नपाका एक अभिभावकले भने, "आर्यन कन्सल्टेन्सीको फेसबुक पेजमार्फत उक्त संस्थाले बिएचयूमा भर्नासम्बन्धी कार्य गरिरहेको अवगत भयो । आफ्नो छोराको नामाङ्कनको सिलसिलामा उक्त कन्सल्टेन्सीको वीरगंज-११ स्थित कार्यालयमा बुझ्न गएको थिएँ । संस्थाका सञ्चालक उमेश पण्डितले बिएचयूमा नामाङ्कनबापत प्रतिविद्यार्थी रु दुई लाख पर्ने बताए ।

उनले भने, "संयोगवश बिएचयूका एकजना पूर्वविद्यार्थीका अभिभावकसँग भेट भयो । भर्नाको प्रक्रियाबारे उनीसँग जानकारी प्राप्त भएपछि म उमेश पण्डितसँग ठगिनबाट जोगिएँ ।" उनले भारु तीन हजार फाराम बुझाउने शुल्क र बनारस आउने-जाने तीनजनाको पाँच हजार गरी झन्डै भारु आठ हजार खर्च भएको बताए । आठ हजार भारुमा हुने कार्यको लागि उमेश पण्डितले भारु अढाई लाख माग गरेको बताए ।

त्यसैगरी, अर्का एकजना अभिभावकले आर्यन कन्सल्टेन्सीको नामले सञ्चालित शैक्षिक परामर्श केन्द्रका सञ्चालक उमेश पण्डितलगायतको समूहले आधा घण्टामा हुने कार्यको लागि आफूसँग तीन लाख रुपैयाँ ठगी गरेको प्रमाण देखाउँदै भने, "शैक्षिक परामर्श केन्द्रको नाममा ठगी भइरहेको छ ।"

त्यसैगरी, सामान्य कार्यको यतिधेरै रकम किन लिएको भन्दै उमेश पण्डितसँग गुनासो गर्न जाँदा विद्यार्थीको नामाङ्कन नै रद्द गराइदिने धम्की दिने गरेको कतिपय अभिभावकरूको आरोप छ ।

अभिभावकहरूका गुनासा, उमेश पण्डितसँग भएका फोन तथा ह्वाट्सएप संवाद र पण्डितको निजी बैंक खातामा रकम ट्रान्सफर गराएका अभिभावकहरूबाट प्राप्त प्रमाणहरूले पण्डितको छलछाम प्रस्ट हुन्छ । फोनमा रेकर्ड हुने डरले सकेसम्म पण्डित लेनदेनका कुरा गर्न चाहँदैनन् ।

आर्यन कन्सल्टेन्सीको ब्यानर लिएर पर्सा र बाराका केही निजी विद्यालयहरूका सञ्चालकहरूको साँठगाँठमा पण्डितले बिएचयूमा भर्ना गराउनेबारे कार्यक्रम सञ्चालन गर्ने गर्छन् ।

अहिले आर्यन कन्सल्टेन्सीले आगामी सन् २०२४/२५ को लागि भर्नाको नाममा फेसबुक पेजमा पटकपटक पोस्ट र साझा गर्ने कार्य तीव्र पारेपछि सेवाग्राहीहरू सम्पर्कमा आउने क्रम बढेको छ । भर्नाबारे सम्पर्कमा आइरहेका सेवाग्राहीहरूसँग समय बढी लाग्ने भन्दै खर्च आदिबारे कुराकानीको लागि फोनमा भन्न नमिल्ने र कार्यालयमा आउन भन्ने गरेको

(बाँकी अन्तिम पातामा)

## ५५औं दिन पनि शिक्षकहरू आन्दोलित

प्रस, सिम्रौनगढ, २५ मङ्सिर/ तलबको माग गर्दै ५५ दिन धर्नासहितको आन्दोलनमा रहेका करार, अस्थायी र बालविकाससहित स्थायी शिक्षकहरूले अहिलेसम्म तलब नपाएको आरोप लगाए ।



तस्वीरः प्रतीक

सिम्रौनगढ नगरपालिकाका शिक्षक, कर्मचारीहरूले सोमवार कालो झन्डासहित विरोध प्रदर्शन गरेका छन् ।

धर्नास्थल नगरपालिका कार्यालयबाट निकालिएको विरोध जुलुसले 'शिक्षक एकता जिन्दाबाद', 'स्थानीय सरकार मुर्दाबाद', 'मेयर तिम्रो पाराले दुःख पाए साराले' नारासहित नगरपरिक्रमा गरेर तरकारीबजारमा कोणसभा गरी समापन भएको थियो ।

नेपाल शिक्षक सङ्घ सिम्रौनगढ नपा कमिटी अध्यक्ष उमाशङ्कर यादव नेतृत्वको जुलुसपछि भएको कोणसभामा बृजकिशोर यादव, राजकिशोर यादव, वडाध्यक्ष दिनदयाल मुखिया, रामएकबालप्रसाद यादव, करार कर्मचारी सङ्घका अध्यक्ष नितेशकुमार यादवले नगरप्रमुखको अकर्मण्यताका कारण सिम्रौनगढ नपाका करार, अस्थायी, बालविकासका शिक्षक, कर्मचारीहरूले शुरूमा तलब नपाएको विरोधमा नपा कार्यालयअगाडि धर्ना दिँदै आएका थिए । त्यसपछि गत बिहीवारदेखि नपामा रहेका ३५ वटै सामुदायिक विद्यालयका शिक्षक, कर्मचारीहरूले विद्यालयमा तालाबन्दी गरेर धर्ना र आन्दोलन शुरू गरेका हुन् ।

अहिले सो नपाका सामुदायिक विद्यालयहरू बन्द छन् । करार, अस्थायी शिक्षक, कर्मचारीहरूले १० देखि १४ महीना, बालविकासका शिक्षक, कर्मचारीले नौ महीना र स्थायी शिक्षकहरूले पाँच महीनादेखि तलब पाएका छैनन् । तलब नपाउन्जेल विद्यालय बन्द गरेर धर्ना, आन्दोलन कार्यक्रम जारी राख्ने नेपाल शिक्षक सङ्घ सिम्रौनगढका अध्यक्ष यादवले बताए ।

## पत्रकारिताबाट जनविश्वास गुम्दैछ -अध्यक्ष विश्वकर्मा

प्रस, वीरगंज, २५ मङ्सिर/ जनपत्रकार महासङ्घका अध्यक्ष शेरबहादुर विश्वकर्माले नेपाली पत्रकारिताबाट पछिल्लो समयमा जनताको विश्वास गुम्दै गएको बताएका छन् ।




जनपत्रकार महासङ्घ मधेस प्रदेशले नेपाल पत्रकार महासङ्घ पर्साको सभाहलमा सोमवार आयोजना गरेको विद्यमान परिस्थिति नेपालका सञ्चारमाध्यम र आगामी विकासको बाटो विषयक अन्तर्क्रियामा अध्यक्ष विश्वकर्माले नेपालमा मिडियाहरूको सङ्ख्या बढे तापनि सर्वसाधारणको भने विश्वास मिडियाबाट गुमिरहेको बताए । उनले अहिलेको अवस्था पञ्चायतकाल जस्तो समाचार लेखेकै आधारमा जेल जानुपर्ने नभएको र संविधानले पनि प्रेस स्वतन्त्रताको प्रत्याभूति गरेको भएपनि अहिलेको मिडियाप्रति जनविश्वास गुम्दै गएको बताए । उनले पत्रकारिताले अहिले सीमा नाघ्ने कार्य गरिरहेको र यसप्रति चिन्तित हुन जरुरी भएको बताए ।

जनपत्रकार महासङ्घ मधेस प्रदेशका संयोजक सुदर्शनराज पाण्डेको अध्यक्षतामा भएको अन्तर्क्रियामा वरिष्ठ अधिवक्ता देवेन्द्रलाल नेपाली, नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य केसी लामिछाने, महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारी, प्रेस सङ्गठनका केन्द्रीय सदस्य नीरज पिठाकोटे मगर, जनपत्रकार महासङ्घका विनोद काफ्लेगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## वन संरक्षणमा चनाखो रहन निर्देशन

प्रस, निजगढ, २५ मङ्सिर/ वन तथा वातावरण मन्त्रालय मधेस प्रदेशका सचिव उद्धव घिमिरेले वन क्षेत्रको संरक्षणमा चनाखो रहन मातहतका डिभिजन वन कार्यालयहरूलाई निर्देशन दिएका छन । आइतवार र सोमवार पर्सा, बारा, रौतहट, सर्लाहीका वन क्षेत्र र सङ्लित वन पैदावारको घाटगद्दी स्थलको अनुगमन र निरीक्षण गर्दै उनले निर्देशन दिएका हुन् ।

हाम्रो पहिलो कर्तव्य वनजङ्गलको संरक्षण गर्नु रहेको जनाउँदै वनजङ्गल संरक्षणमा सदैव चासो र सचेत रहन मातहतका कर्मचारीहरूलाई सचिव घिमिरेले निर्देशन दिएका हुन् । तराई-मधेसका वनजङ्गलको संरक्षण चुनौतीपूर्ण रहेको उनले बताए । वनजङ्गलको संरक्षण वनकर्मीहरूको पेशागत धर्मसमेत रहेको उनले प्रस्टयाए ।

उनले वन क्षेत्रमा अनेकन राष्ट्रिय गौरवका आयोजना निर्माण भएर साँघुरिदै गएको र सङ्गठित वन तस्करहरूबाट वन क्षेत्रको संरक्षण गर्न वनकर्मी सचेत रहनुपर्ने बताए । मधेस प्रदेशको वन क्षेत्रको संरक्षण, संवर्द्धन, प्रवर्द्धनको लागि सबैले जिम्मेवारीपूर्वक काम, कर्तव्य निर्वाह गर्नुपर्नेमा जोड दिए । यस प्रदेशका आठवटै जिल्लाको स्थलगत अनुगमन गर्ने र कानूनी विधि, प्रक्रिया पूरा गरेका कामहरूलाई उच्च प्राथमिकतामा राखी अघि बढ्ने उनको जिकिर थियो ।




वन तथा वातावरण मन्त्रालय मधेस प्रदेशका सचिव उद्धव घिमिरेद्वारा बारा, पर्सा, रौतहट, सर्लाहीलगायत जिल्लाका वनको हालको अवस्था बुझ्न अनुगमन तथा निरीक्षण गर्दै । तस्वीरः प्रतीक

सामुदायिक वन उपभोक्ता समूह, साझेदारी वन व्यवस्थापन समितिहरूले वन प्राविधिकहरूको मात्र मुख नताकी आफ्नै वन समूह, समितिले दक्ष वन प्राविधिक भर्ना गरी वनको संरक्षण, संवर्द्धनका काममा अग्रसर हुनुपर्ने बेला आएको सचिव घिमिरेले बताए । डिभिजन वन कार्यालयहरूका समस्याहरूका बारेमा समेत वन सचिव घिमिरेले चासो राखेका थिए ।

अनुगमनमा डिभिजन वन कार्यालय, पर्साका प्रमुख एवं डिएफओ सुभाषचन्द्र

(बाँकी अन्तिम पातामा)

## प्लास्टिक सर्जरीका लागि दशजना छनोट

प्रस, पर्सागढी, २५ मङ्सिर/ पर्सागढी नगरपालिका कार्यालय अन्तर्गतको बागवानी स्वास्थ्य चौकीले जन्मजात खुडे रहेका दशजनालाई छनोट गरेको छ ।

स्वास्थ्य चौकीका इन्चार्ज रजनीश पासवानले जन्मजात ओठ तथा तालु, जिब्रोभन्दा माथिको भाग फाटेका, शल्यक्रिया गरेर पनि ओठ नमिलेका,

(बाँकी अन्तिम पातामा)



प्लास्टिक सर्जरीका लागि जन्मजात खुडे रहेकासँग छलफल गर्दै टोली । तस्वीरः प्रतीक

**विचारसार र सुक्तिहरू**

**दुनियाँको सबैभन्दा खुशी आफू हाँस्नु र अरूलाई मुस्कान दिनुमा छ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# समर्थन मूल्य

**किसानलाई उचित मूल्य उपलब्ध गराउन भन्दै सरकारले हरेक वर्ष धानको समर्थन मूल्य निर्धारण गर्दै आएको छ। तर सरकारको लापरबाहीका कारण किसानको नाममा बिचौलिया र व्यापारीले रजाइँ गर्दै आएका छन्। समयमै मूल्य निर्धारण नहुने समस्या छँदैछ। धान रोप्नुअघि नै धानको न्यूनतम समर्थन मूल्य तोकिनुपर्नेमा प्रत्येक वर्ष धान पाकेपछि मात्रै समर्थन मूल्य तोकिने गरेको छ। यसरी मूल्य तोक्दा पनि किसानभन्दा व्यापारीको हितलाई मध्यनजर गरी न्यूनतम मूल्य निर्धारण गरिन्छ। किसानको परिश्रम, लागत र जग्गाको भाडा कटाएर कम्तीमा २५ प्रतिशत रकम किसानलाई मुनाफा हुनेगरी न्यूनतम मूल्य निर्धारण गरिनुपर्ने अन्य मुलुकहरूको चलन छ। हाम्रो मुलुकमा त्यसो हुँदैन। भारतीय धानको मूल्यलाई हेरेर त्यसैको समान हुनेगरी नेपाली धानको मूल्य निर्धारण गरिँदै आएको छ। भारतीय धानको मूल्यमा व्यापारीले नेपाली धान पाऊन् भन्ने सरकारी शदासयता देखिन्छ। भारतीय किसानलाई भारत सरकारले दिने अनुदान, सहुलियत र आधुनिक कृषि उपकरणको उपलब्धतातर्फ नेपाल सरकारको ध्यान जाँदैन। किसानको असन्तुष्टिलाई साम्य पार्न कुनै वर्ष धानको समर्थन मूल्य सरकारले केही बढी तोकेछ भने पनि त्यो वर्ष सरकारले धान खरीद गर्दैन। जुन वर्ष धानको समर्थन मूल्य लागतभन्दा कम तोकिन्छ, त्यो वर्ष भने धान खरीदका लागि तयार रहेको नाटक सरकारले गर्छ।**

**सरकारले मूल्य निर्धारण गरेपछि त्यसको कार्यान्वयन गर्ने निकाय खाद्य व्यवस्था तथा व्यापार कम्पनी हो। गत वर्ष खाद्य व्यवस्था तथा व्यापार कम्पनीले धान खरीदमा विलम्ब गरेको थियो। धान खरीदमा सरकारले आलटाल गर्‍यो भने कृषक बाध्य भएर व्यापारीलाई धान सुम्पन बाध्य हुनेछन्। त्यति बेला धानमा किसानले होइन, व्यापारीले भाउ तोक्ने मौका पाउँछ। मुलुकभित्र धान उत्पादन कति हुन सक्छ भन्ने कुरा मौसमको अवस्था, रोग-कीरा, बालीको स्तर एवं क्षेत्रफलको विश्लेषण गरेर सरकारले अग्रिमरूपमा पत्ता लगाइसकेको हुन्छ। थाहा हुँदाहुँदै पनि सरकारले लागतसमेत नउठ्ने गरी समर्थन मूल्य तोकिदिन्छ। सरकारी मूल्य कम भएपछि किसान धान लिएर व्यापारी वा बिचौलियाकहाँ पुग्नेछन्। यसो हुँदा फेरि पनि धानको मूल्य निर्धारण किसानबाट नभई व्यापारी वा बिचौलियाबाट हुनेछ। यस वर्ष मौसम र धानबालीमा रोगको कारण धान लगाइएको क्षेत्रको अनुपातमा धान उत्पादन निकै कम हो। यही वर्ष भारतीय धानको आयात हुन नपाएको हुँदा गत वर्षभन्दा धानको समर्थन मूल्य निकै बढी हुनेछ भन्ने किसानको अपेक्षा थियो। किसानहरू आफ्नो उत्पादनले बजारमा उचित मूल्य पाउँछ भन्ने कुरामा कहिल्यै पनि सुरक्षित महसुस गरेको अवस्था छैन, जसले गर्दा कृषिमा लगानी गर्न अनिच्छुक देखिन्छन्। जब मौसम अनुकूल हुन्छ, किसानहरू उत्पादन राम्रो हुने भयो भनेर खुशी हुन्छन्। तर जब बाली भित्र्याउँछन् र उत्पादन अपेक्षितरूपमा राम्रो हुन्छ, तब समस्याको गम्भीरता शुरू हुन्छ। अर्थात् आफ्नो उत्पादनको उचित बजारको अनुपलब्धतासँग जोडिन्छ र दुःखी हुनुपर्ने अवस्था आइदिन्छ। उपभोक्ताले जतिसुकै महँगोमा धान, चामल खरीद गर्नुपरेको भए तापनि हरेक वर्ष किसानले कृषि उत्पादन कम मूल्यमा बेच्न बाध्य छन्। यस क्रममा कुनै वर्ष त उत्पादन लागतभन्दा पनि मूल्य तल जाने गरेको पाइन्छ। मूल्य पर्खने फुर्सद किसानसँग छैन, किनकि पाकेको फसल बेचेर नै उसले अर्को बाली लगाउनु छ। त्यसैगरी, अन्न सुरक्षित भण्डारण गर्ने भण्डारघरको व्यवस्था पनि त छैन।**

# टिकटकमाथि प्रतिबन्ध : एक विश्लेषण

स्वतन्त्र विचार




राजेन्द्रप्रसाद कोइराला
A Phd scholar
rajendrakoirala20@gmail.com


**अरू सामाजिक सञ्जालभन्दा टिकटकले समाजको आधारशिला नै ध्वस्त पार्न लागेको हाम्रोजस्तो देशमा, यसमा प्रतिबन्ध लगाउनुभन्दा कठोर नियमन गरी लोकतान्त्रिक मान्यता पनि हनन नहुनेगरी खुला गरिनु उपयुक्त होला।**

नोवेम्बर १३ मा मन्त्रिपरिषद्को निर्णय अनुसार–"सामाजिक सञ्जाल टिकटकले सामाजिक सद्भावमा बाधा पुर्‍याउनुका साथै नेपालको सामाजिक संरचनामा नै विचलन आउने देखिएकोले यसलाई नेपाल सरकारले प्रतिबन्ध लगाउने निधो गर्‍यो।"

यही कारण देखाएर यसलाई प्रतिबन्ध गर्नु कत्तिको मनासिब होला जबकि साइबर बुलिङ र डिजिटल ठगी र टिकटक सम्बधित १६०० साइबर अपराधहरू पछिल्लो ४ वर्षदेखि सम्बन्धित निकायले निर्क्योल गर्न नसकेको अवस्था छ। विद्युतीय अपराध अन्तर्गत कुनै पनि डिजिटल अपराधलाई नियन्त्रण गर्न सरकारलाई केले रोक्यो होला ? यस्तो निर्णयले विश्व सामाजिक सञ्जाल परिदृश्यमा नेपाल कहाँ फिट हुन्छ ?

केवल ३ करोड जनसङ्ख्या भएको नेपालको, पूरै दक्षिण एशियामा सबैभन्दा बढी, इन्टरनेट पहुँच दर ९०.५६ प्रतिशत छ। यद्यपि, निम्न कारणहरूले गर्दा देशलाई सोशल मिडिया प्लेटफर्महरूको लागि महत्त्वपूर्ण बजारको रूपमा मानिएको छैन।

'विदेशमा लगानी प्रतिबन्ध लगाउने ऐन, १९६४' जुन अझै पनि नेपालमा लागू छ, जसले व्यवसायीहरूलाई प्लेटफर्महरूमा विज्ञापन प्रायोजित गर्न नेपाली बैंक खाता र कार्ड प्रयोग गर्नबाट रोक्छ। यद्यपि विज्ञापनदाताहरू गैर–परम्परागत विधि प्रयोग गर्न सक्छन् जसले देशको राजस्व वृद्धिमा हानि पुर्‍याइरहेको कुराप्रति सरोकारवालालाई कुनै चासो छैन।

नेपालको केन्द्रीय बैंकले भर्खरै अन्तर्राष्ट्रिय अनलाइन खरीद गर्न प्रतिव्यक्ति युएस डलर २,००० को खर्च सीमा स्वीकृत गरे तापनि, मार्केटप्लेस सुविधा प्रयोग नगर्ने सोशल मिडिया कम्पनीहरूको यसमा पहुँच हुन सक्दैन। सरकारले अगस्त २०२३ मा पारित गरेको राष्ट्रिय साइबर सुरक्षा नीतिजस्ता नियामक ढाँचाहरूमा बढ्दो चासो देखाउँदै गर्दा, त्यहाँ अझै पनि नियामकहरू र सोशल मिडिया कम्पनीहरूबीच सम्बन्ध विच्छेदकै अवस्था देखिन्छ। नेपाल प्रहरीको साइबर क्राइम ब्युरो र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको गुनासो व्यवस्थापन कार्यालय, सामाजिक सञ्जाल सेवा प्रदायकको पहुँच सम्हाल्ने दुई निकाय छन्।

**टिकटिकको नेपालमा लोकप्रियताः**

टिकटक नेपालमा सबैभन्दा छिटो प्रभाव पार्न सक्ने सामाजिक सञ्जाल साबित भयो। २०१७ मा यसको शुरूआत पछि २.५ लाख सक्रिय प्रयोगकर्ता भए। जुम्ल्याहा प्रिज्मा र प्रिन्सी खतिवडा, विजय बानिया, र दुर्गेश थापा र पुण्य गुप्ता, पबी साह आदि धेरै प्रयोगकर्ताहरूका लागि यो सञ्जाल वरदान नै साबित भयो। विश्वभरबाट सालाखाला ७ लाख नेपाली यसमा जोडिए। यसले सजिलै बजारमा प्रवेश पायो र अप्रत्याशित उमेर समूह र सामाजिक वर्गमा पहुँच बनाउँदै, यसलाई राष्ट्रिय रूपमा तेस्रो सबैभन्दा धेरै प्रयोग हुने प्लेटफर्म बनाइयो। कोभिड–१९ महामारीको बेला धेरै साना व्यवसायले सामान र सेवाको बजारीकरणको लागि विकल्पको रूपमा टिकटक प्रयोग गर्न थाले, जसले अब उनीहरूको व्यापार मोडेललाई स्थायीरूपमा परिवर्तन गरेको छ। धेरै प्रख्यात सामग्री सिर्जनकर्ताहरू पनि सङ्गीत भिडियो, चलचित्र र वृत्तचित्रहरूका लागि भर्ती हुन थाले र ठूलो पर्दामा यसैको माध्यमले परिचय बनाउन सफल पनि भए।

सामाजिक सद्भावमा अवरोध भएकै हो त ?

विज्ञान र प्रविधिले भित्र्याएका जति पनि आविष्कार र खोजहरू छन्, तिनमा नकारात्मक र सकारात्मक दुवै पक्ष हुन्छ। त्यसलाई राज्यले कसरी नियमन गर्ने र नियन्त्रणमा राख्ने सारा जिम्मा राज्यका अङ्गहरूको हुन आउँछ। त्यस्तो गर्न नसक्नु राज्यको लाचारीपन हो। जहाँसम्म टिकटकको कुरा छ, धेरै व्यक्तिका लागि यो वरदान प्रमाणित भएको कुरा हामीबाट लुकेको छैन। प्रिन्सी खतिवडा र प्रिस्मा खतिवडा साथै सङ्गीत, नाच र गीतका अनुरागीहरूका लागि यसले कोसेढुङ्गाको काम गरेको छ भन्दा अत्तिशयोक्ति नहोला।

देशका नेताहरूका क्रियाकलापविरुद्ध टिकटक अभिशाप बनेकोले यसमा प्रतिबन्ध लगाइएको हो भन्दा शत प्रतिशत सही हुन्छ। यो अस्त्र ठगबन्धन सरकारका लागि काउसो नै हुन पुग्यो। तथापि यसले धेरै सामाजिक विकृति निम्त्याएको कुरालाई नकार्न पनि सकिँदैन। सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउनु एउटा लोकतान्त्रिक मुलुकमा शोभनीय पक्कै होइन, जसको विरोध काङ्ग्रेसका महामन्त्री गगन थापा, राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेले धेरै सार्वजनिक कार्यक्रममा गरिसके। साँच्चै भन्नुपर्दा प्रचण्ड सरकार टिकटकदेखि अत्तालिएकै हो।

**नग्न र अश्लीलता**

कसको भिडियो देखाउने, कसको नदेखाउनेजस्ता कुरा टिकटककै हातमा हुन्छ। भारतमा टिकटकमा प्रतिबन्ध लगाइएपछि नेपाली टिकटकर्सका भिडियोमा तुलनात्मकरूपमा नौटङ्की देखाएको भिडियो र अश्लील हर्कतका सामग्रीमा धेरै मानिस संलग्न भएको देखिन्छ।

टिकटक प्रयोगकर्ता सुनिता धामी भन्छिन्–"टिकटकमा भाइरल हुने हो भने ओभर मेकअप गरेको, छोटा लुगा लगाएको या दोहोरो अर्थ लाग्ने खालको डाइलग बोल्नुपर्छ, धेरै मानिस भए ठाउँ पुर्‍याउँछ।"

उनको निजी अनुभव छ–"मैले एउटा आँखा र ओंठ मात्रै देखाएर भिडियो बनाएकी थिएँ। ओंठ अलि सेक्सी पाराले टोकेकी मात्रै के थिएँ, अहिलेसम्मकै धेरै भ्युज त्यसैले पाएको छ।"

टिकटकमा निकै सक्रिय कलाकार किरण केसीले पनि यसै कुरामा जोड दिँदै भने–"मेरो एउटा डाइलग निकै हिट भएको थियो। त्यसमा मैले गीतमार्फत, मायाको बारीमा जोतेर बीउ हाल्ने धोको छ टाइपको भनाइ राखेको थिएँ। धेरैले त्यसमा थरीथरीका अभिनय गरेका छन् र ती निकै अश्लील छन्।"

किन त्यस्तो अश्लील कुरा बोलेको त भन्ने प्रश्नमा उनले भने–"मैले त कला प्रयोग गरेको नि ! कला र अश्लीलतामा त फरक छ नि !"

दिनमा ६ देखि १० वटासम्म भिडियो बनाएर पोस्ट गर्ने उनका यस्तै दुई अर्थी बोलका संवाद हिट हुने, राम्रो र सभ्य पोस्टमा भ्युज नै नआउने उनको अनुभव छ।

**बालबालिकामा पार्ने असर :**

उमेर पुगेकाले त मनोरञ्जनका लागि यी सबै हेर्छन्, गर्छन् भन्ने मान्न सकिन्छ तर हातहातमा भएको यो मोबाइलमा टिकटकको लत भने बालबालिकालाई बढी छ।

साइबर विशेषज्ञ बाबूराम अर्याल टिकटकले बालबालिकाको दिमागमा निकै नराम्रो असर पारिरहेको बताउँछन्। उनी भन्छन्–"हामी भ्युज र लाइकको चक्करमा बालबालिकालाई टिकटकमा भुलाइरहेका छौं। त्यहाँ फिल्टर नगरेरै सामग्रीहरू आउँछन्। एडल्ट सामग्री कलिला मस्तिष्कमा पर्दा त्यसले उनीहरूको दिमागमा नकारात्मक असर पार्दछ। तर बाबुआमाहरू यसतर्फ सतर्क नहुँदा भविष्यमा यसले निकै नराम्रो असर पार्ने देखिंदैछ।"

विज्ञहरूका अनुसार छोटा भिडियोका कारण बालबालिकाहरूमा अधैर्य निकै बढेको छ। हिजोआज कुनै कुरामा पनि धैर्य नहुनुमा प्रविधिका यस्ता कुलतले निकै ठूलो भूमिका खेलिरहेको अर्यालको अनुभव छ।

अर्याल भन्छन्–"मनोरञ्जनका लागि पहिले किताब पढिन्थ्यो। पढिसिध्याउन निकै समय लाग्थ्यो। त्यसपछि फिल्महरू आए, त्यहाँ केही घण्टाको समय लाग्न थाल्यो। बिस्तारै युट्युब आयो, मनोरञ्जनको समय केही मिनेटमा झर्‍यो। सामाजिक सञ्जाल फेसबूकले मनोरञ्जनको समयलाई एक मिनेटमा झार्‍यो। यतिबेला टिकटकले केही सेकेन्डमा झारेको छ। यसले हामीलाई हरेक १० सेकेन्डमा नयाँ मनोरञ्जनको बानी पारिदिएको छ।"

टिकटकजस्ता सामाजिक सञ्जालले धैर्य धारण गर्ने र अरूको कुरा सुन्ने बानीमा क्षति पुर्‍याइरहेको छ। टाइम म्यागेजिनले सन् २०१५ मा गरेको एउटा सर्वेक्षणमा टिकटकका कारण हामी गोल्ड फिस जति पनि धैर्य गर्न नसक्ने बनिरहेको बताएको थियो। यो मानिसको मानसिक स्वास्थ्यका लागि निकै हानिकारक छ।

टिकटकले मानिसलाई निष्क्रिय बनाइदिन्छ। अर्यालले भने–"हामी आफ्ना लागि कन्टेन्ट खोज्ने हैन कि टिकटकले हामीलाई कन्टेन्ट अगाडि ल्याइदिन्छ। अन्य सामाजिक सञ्जालमा हामीले खोज्नुपर्ने हुन्छ तर टिकटक आफैंले कन्टेन्टमा राखेको रुचि अनुसार देखाइदिन्छ। यसले मानिसलाई रोबोट बनाइदिन्छ। हरेक पन्ध्र सेकेन्डमा एउटा स्क्रोल गर्नेबित्तिकै नयाँ कन्टेन्ट हेर्न पाइन्छ। जब सबै कुरा सजिलै पाइन्छ भने हामी त्यसको लती त बन्छौं नै।

त्यसले भर्खरै मोबाइल चलाउन जानेको बच्चामा पनि सजिलै लत बस्न सक्छ र ऊ नयाँ कन्टेन्टका लागि हरेक पन्ध्र सेकेन्डमा स्क्रोल गर्न थाल्छ। राम्रो र सुन्नैपर्ने कुरामा ऊ अडिन सक्तैन। खोज्ने जाँगर पनि चलाउँदैन। यसले यस्ता बालबालिका धेरै कुरामा पछि पर्ने सम्भावना हुने अर्यालको धारणा छ।

यसलाई हामी क्यासिनो मेशिनसँग पनि तुलना गर्न सक्छौं भन्दै अर्याल थप्छन्–"एकपल्ट क्लिक गर्‍यो, तीनवटै एकै नम्बर लागे लागिहाल्यो, नलागे फेरि अर्कोपल्ट कोशिश गर्न शुरू गरिहाल्छौं र लतमा फस्छौं।"

टिकटकले मानसिकरूपमा थकान दिने पनि अर्याल बताउँछन्। उनी भन्छन्–"हामी टिकटकमा जति समय पनि बिताउन सक्छौं तर जब समय ढल्किन्छ, बेकारमा समय खेर फालें भन्ने मनमा अपराधबोध हुन्छ। आफ्ना महत्त्वपूर्ण काम थाति राखेर चलाएको टिकटकले क्षणिक मनोरञ्जन त दिन्छ तर मानसिक रूपमा भने निकै नराम्रो असर पार्ने उनको भनाइ छ।

टिकटकका धेरै समस्या भए पनि मूलतः यसले लामो समयसम्म दिमागमा असर परिराख्ने अर्याल बताउँछन्। बालबालिका रिसाहा हुने, अधैर्य हुने र आवेशमा आएर जस्तोसुकै अपराधमा संलग्न हुन सक्ने उनको भनाइ छ।

**चाइनामा नो टिकटक**

चीनले बनाएको प्रख्यात एप भए पनि यो चीनमा नै चल्दैन। बालबालिका तथा गर्भवती महिलाका भिडियो बनाएको र अश्लीलता फैलाएको आरोपमा चीनमा यो प्रतिबन्धित छ। बरु चीनका लागि टिकटकजस्तै छुट्टै एप दोउयिन चल्तीमा छ। टिकटक निर्माता कम्पनी बाइट डान्सले नै दोउयिन पनि बनाएको हो।

यसैगरी चीनसँगै भारत, अमेरिका र इन्डोनेशियामा पनि टिकटकमाथि प्रतिबन्ध लगाइएको छ। इन्डोनेशियामा अश्लीलता फैलाएको र बालबालिकाको मस्तिष्कमा नराम्रो असर पारेको भन्दै टिकटक ब्यान्ड गरिएको हो भने भारत र अमेरिकामा राष्ट्रिय सुरक्षामाथि खतरा रहेको भन्दै प्रतिबन्ध लगाइएको हो।

त्यसो त टिकटकको बेफाइदा मात्रै हैन, फाइदा पनि रहेको जुम्ल्याहा दिदीबहिनी प्रिस्मा र प्रिन्सी बताउँछन्। टिकटकले गर्दा नै उनीहरूले अभिनय र मोडलिङ क्षेत्रमा प्रवेश पाएको भन्दै प्रिस्माले भनिन्–"टिकटक नभएको भए, आज सम्पूर्ण नेपालीले हामीलाई चिन्थेनन् अनि हामीले कला क्षेत्रमा पाइला टेक्न पनि पाउँथेनौं होला।"

तर यस्तो अवसर पाउने भने निकै कम छन्। सबैभन्दा ठूलो कुरा यसबाट फैलिने अश्लीलता र कुप्रभावको अहिलेसम्म नेपालमा कुनै छलफल, अध्ययन भएको छैन र यो सबैभन्दा खतरनाक कुरा भएको अर्याल बताउँछन्।

**जाँदाजाँदै**

अरू सामाजिक सञ्जालभन्दा टिकटकले समाजको आधारशिला नै ध्वस्त पार्न लागेको हाम्रोजस्तो देशमा, यसमा प्रतिबन्ध लगाउनुभन्दा कठोर नियमन गरी लोकतान्त्रिक मान्यता पनि हनन नहुनेगरी खुला गरिनु उपयुक्त होला।

# वार्षिक रु १२ अर्बको हस्तकला निर्यात

काठमाडौं, २५ मङ्सिर/रासस

नेपालबाट वार्षिक रु १२ अर्ब मूल्य बराबरको हस्तकला विदेश निर्यात हुने गरेको छ।

नेपाल हस्तकला महासङ्घले २०औं हस्तकला व्यापार मेला तथा १८औं हस्तकला प्रतियोगिताबारे जानकारी दिन सोमबार आयोजित पत्रकार सम्मेलनमा नेपालबाट ६० भन्दा बढी देशमा सो मूल्य बराबरको हस्तकला विदेश निर्यात हुने गरेको जानकारी दिइयो।

त्यस अवसरमा महासङ्घका अध्यक्ष प्रचण्ड शाक्यले राष्ट्रिय अर्थतन्त्रमा नेपाली हस्तकला क्षेत्रको महत्त्वपूर्ण योगदान रहेकाले हस्तकलाको संरक्षण र संवर्द्धनमा सरकारले विशेष ध्यान दिनुपर्नेमा जोड दिए। आगामी मङ्सिर २८ देखि पुस २ गतेसम्म आयोजना हुन लागेको १८औं हस्तकला प्रतियोगिता र २०औं हस्तकला व्यापार मेलामा सहभागी हुन आग्रह गरे।

व्यापार मेला तथा प्रतियोगितामा तीन पेभिलियनसहित १३० कक्ष रहनेछन्। मेलामा एक लाखभन्दा बढीले अवलोकन गर्ने अपेक्षा गरिएको आयोजकको भनाइ छ।

१८औं हस्तकला प्रतियोगितामा परम्परागत विधातर्फ पौभा र समसामयिक विधातर्फ छवाली कलाको प्रतियोगिता गराइनेछ।

प्रतियोगितामा प्रथम पुरस्कार रु ५० हजार, द्वितीय पुरस्कार रु ३० हजार र तृतीय पुरस्कार रु २० हजार राखिएको छ। सो अवसरमा ७० वर्ष नाघेका १० जना ज्येष्ठ तथा वरिष्ठ कलाकारलाई सम्मान गरिनेछ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# विदेशबाट फर्केर सामूहिक माछापालन

म्याग्दी, २५ मङ्सिर/रासस

वैदेशिक रोजगारमा भनेजस्तो कमाइ नभएपछि स्वदेश फर्केर पश्चिम म्याग्दीको मालिका गाउँपालिका–३ का तीनजना युवकले सामूहिक माछापालन गरेका छन्। स्थानीय पूर्णबहादुर रोका, तेजेन्द्र बुढा र यमेन्द्र रोकाले मालिका–३ मा पर्ने टिमुरे खोलामा सामूहिक माछापालन थालेका हुन्। उक्त सामूहिक माछापालन पश्चिम म्याग्दीका लागि उदाहरणीय



तस्वीरः रासस

व्यवसाय बनेको छ।

पूर्ण कतारमा छ र यामेन्द्र तीन वर्ष तथा तेजेन्द्र बहराइनमा तीन वर्ष काम गरेर स्वदेश फर्केपछि सामूहिक माछापालनमा लागेका हुन्। टिमुरे खोलानजीकैको आठ रोपनी जग्गा भाडामा लिएर उनीहरूले सामूहिकरूपमा ट्राउट जातका माछा पालेका छन्।

रु २० लाख लगानीमा माछापालनका लागि १० पोखरी निर्माण गरिएको पूर्णले जानकारी दिए। विसं २०७९ कात्तिकदेखि मालिका रेन्बो ट्राउट फर्म दर्ता गरी माछापालन व्यवसाय शुरू गरिएको उनले बताए। "शुरूमा रु आठ लाखको लगानीमा छवटा पोखरी (रेसवे) निर्माण गरी माछापालन थालनी गर्‍यौं। अहिले १० पोखरी निर्माण गरेका छौं"–उनले भने।

गण्डकी रेन्बो ट्राउटबाट १० हजार अन्डा ल्याएर ह्याचिरिङ गरिएको जनाउँदै पूर्णले करीब नौ महीनामा माछा बिक्रीका लागि तयार हुने बताए। अहिले पोखरीमैं भुरा उत्पादन हुने भन्दै १२ हजार बढी माछा हुर्किरहेका उनले जानकारी दिए।

पूर्णका अनुसार पहिलो वर्ष सात सय किलो बढी माछा बिक्री भएको थियो। यस वर्ष दुई हजार किलो उत्पादन गर्ने लक्ष्य रहेको उनले बताए। पहिलो वर्षको आम्दानी पनि व्यवसाय विस्तारमा लगाइएको बताउँदै उनले यस वर्षदेखि राम्रो आम्दानी लिन सकिने बताए। माछापालनका लागि चीसो र बहाव भएको स्वच्छ पानी आवश्यक हुने सञ्चालक पूर्णको भनाइ थियो।

वर्षात्मा माछाका भुरा बचाउन गाह्रो हुने तेजेन्द्रले बताए। यहाँ उत्पादित माछा नजीकैको दरबाङ बजारसहित सदरमुकाम बेनी र छिमेकी जिल्ला बागलुङसम्म लगिने उनले बताए।

पहिलो वर्ष प्रतिकिलो रु एक हजार दुई सयमा बिक्री गरिएकोमा यस वर्ष दानाको मूल्य बढेकोले रु एक हजार तीन सयमा बेच्ने गरिएको तेजेन्द्रले जानकारी दिए। बजारमा माग बढे पनि पर्याप्त उत्पादन गर्न नसकिएको उनको भनाइ थियो।

उनीहरूले टिमुरेमा सामूहिकरूपमा रेस्टुराँ पनि सञ्चालन गरेका छन्। पोखरीमा उत्पादित माछा रेस्टुराँमा समेत खपत हुने गरेको माछापालक यमेन्द्रले जानकारी दिए। माछापालन गरी मनग्य आम्दानी भएकोले विदेशभन्दा नेपालमैं फाइदा हुने उनको भनाइ थियो।

आधुनिक किसिमले पोखरी निर्माण गरेर व्यावसायिकरूपमा माछापालन शुरू गरिएकोले फर्ममा परिवारका अन्य सदस्यले समेत साथ दिएको यमेन्द्रले बताए।

मालिका–३ का वडाध्यक्ष मोतीप्रसाद बुढाले गाउँमैं युवाको लगानीमा व्यावसायिक माछापालन गरेसँगै अन्य युवाका लागि पनि प्रेरणाको स्रोत बनेको बताए। उनका अनुसार वडाको ५० प्रतिशत अनुदान कार्यक्रमबाट पोखरी वरिपरि घेराबार गरिएको छ।

सरकारबाट पाउने ऋण र अनुदानमा समेत झन्झटिलो प्रक्रिया भएको भन्दै वास्तविक किसानसम्म अनुदान पुग्न नसकेको माछापालक रोकाले गुनासो गरे। आगामी दिनमा यस व्यवसायलाई अझै विस्तार गर्ने सोच रहेको उनले बताए।

# फलाम खानी उत्खननको लागि पुनः अध्ययन गरिँदै

रूकुम (पूर्व), २५ मङ्सिर/रासस

रूकुम (पूर्व) मा फलाम खानीको विस्तृत अध्ययन पुनः थालिएको छ। भूमे गाउँपालिकामा फलाम खानी भएको पत्ता लागेपछि भूगर्भविद्ले गत सातादेखि उत्खननको लागि सम्भाव्यता अध्ययन शुरू गरेका हुन्। खानी तथा भूगर्भ विभागका भूगर्भविद् सुजन देवकोटा र सौनक भण्डारीको समूहले भूमे–३ स्थित झुम्लाबाङमा अध्ययन शुरू गरेको हो।

आर्थिक अभावले सो क्षेत्रको विस्तृत अध्ययन अहिलेसम्म अघि बढ्न सकेको थिएन। भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले गाउँपालिकाको विभिन्न क्षेत्रमा फलाम खानीबारे अध्ययन शुरू भएको बताएका छन्। हाल फलाम खानी पत्ता लागेको भनिएको ठाउँमा एक सय वर्ष अघिसम्म तामाखानी उत्खनन हुने गरेको स्थानीयले जानकारी दिएका छन्। तत्कालीन समयमा तामा खानी उत्खनन गर्दा भूमे गाउँपालिकाको २, ३, ४ र ५ नम्बर वडाको विभिन्न ठाउँमा बनेका ठूला खाडल र सुरूङ अहिले पनि देख्न सकिने अध्यक्ष श्रेष्ठले बताए। गत वर्ष तीनै ठाउँमा फलाम रहे नरहेको अध्ययन गर्दा फलाम खानी रहेको पत्ता लागेपछि अहिले उत्खननको लागि विस्तृत अध्ययन थालिएको उनले बताए।

"गत वर्ष गरिएको अध्ययनबाट हाम्रो गाउँपालिकाको झुम्लाबाङमा फलाम खानी भएको कुरा पत्ता लाग्यो"– अध्यक्ष श्रेष्ठले भने–"झुम्लाबाङमा फलामखानी रहेको पत्ता लागेको छ।" रूकुम पूर्वमा हालसम्म खानी तथा भूगर्भ विभागमले फलाम र तामा खानीबारे तीनपटकसम्म अध्ययन गरिसकेको जनाइएको छ।



**भूकम्पबाट भत्किएको घर निर्माणको पर्खाइमा** : विसं २०८० कात्तिक १७ गतेको भूकम्पबाट भत्किएको भेरी नगरपालिका–३ स्थित माथिल्लो थाप्लेको बस्ती। सरकारबाट प्राप्त हुने रकमबाट घर पूर्ण निर्माण गर्ने पर्खाइमा यहाँका सर्वसाधारणहरू रहेका छन्। तस्वीरः रासस

# हुलाकी सडकले फेरिंदै जनजीवन

–भेषराज बस्नेत

राँझा (बाँके), २५ मङ्सिर/रासस

बाँकेको राप्ती सोनारी गाउँपालिका–५ गोरदोई गाउँ निवासी ७१ वर्षीय तोमान



हुलाकी सडक। तस्वीरः रासस

वली घरैअगाडि फराकिलो हुलाकी पक्की सडक बनेपछि खुशी छन्।

"घरैअगाडि यस्तो पक्की सडक बन्ला भन्ने सोचेका थिएनौं, अहिले त हामीलाई जता जान पनि सजिलो भएको छ"–सडक नहुँदा बसेको बस्तीमा खेती किसानी गर्दै आएका वलीले भने–"हुलाकी सडक बनेपछि अब बजारमा किनमेल गर्न, बिरामी हुँदा अस्पताल जान धेरै सजिलो भएको छ, सडक बन्दा दुई कट्ठा जमीन खेर गयो तर अहिले सडकले जग्गाको भाउ पनि बढाएको छ।"

राप्ती सोनारी गाउँपालिका–५ बिनौनास्थित भुवरभवानी माध्यमिक विद्यालयका प्रधानाध्यापक चेतबहादुर विष्ट नेपालगंजबाट दैनिक मोटरसाइकलमा विद्यालय जाने–आउने गर्छन्। दुई वर्षअघिसम्म बिनौना गाउँमैं डेरा खोजेर बस्दै आएका विष्ट फत्तेपुरदेखि नारायणपुर हुलाकी सडक पक्की बनेपछि अहिले नेपालगंजबाटै आवतजावत गर्न थालेका हुन्। सडक बनेपछि घरदेखि आधा घण्टामैं पुगिने भएपछि अहिले घरबाटै आउन जान सम्भव भएको उनले बताए। "हुलाकी सडक बनेपछि सर्वसाधारणको जीवनयापनमा ठूलो प्रभाव परेको छ, अब शहरमा काम गरेर साँझ घर फर्कन सक्ने स्थिति बनेको छ"–प्रधानाध्यापक विष्टले भने–"रोजगारको लागि पनि नेपालगंज गएर आउन सक्ने अवस्था भयो। यतै पनि रोजगार खुलेका छन्।"

नेपालगंज–बघौडा ४४ किलोमिटर र फत्तेपुर–नारायणपुर २१ किलोमिटर हुलाकी सडकले स्थानीयको जीवनमा परिवर्तन ल्याएको छ। बिनौना र बैजापुर चोक अहिले बजारको रूपमा विकसित हुँदै गएका छन्। पहिले फाट्टफुट्ट झुप्रोमा पसल हुने बिनौनामा अहिले ठूला पसल, होटल र मेडिकल खुलेपछि स्थानीय खुशी छन्। राप्ती सोनारी–४ बैजापुरका अगुवा तुलसी थारू हुलाकी सडक बैजापुर र बिनौनावासीको लागि वरदान साबित भएको बताउँछन्। बैजापुरमा मेडिकलसमेत सञ्चालन गर्दै आएका थारूले विगत स्मरण गर्दै भने–"कच्ची बाटो थियो। एम्बुलेन्स ल्याउन सक्ने अवस्था थिएन। अहिले आँगनमैं एम्बुलेन्स छ। खोलामा डुब्दै जानुपर्ने अवस्था थियो। अहिले त जीवनयापन नै परिवर्तन भयो।"

हुलाकी सडक बनेपछि अब गाउँको उत्पादन सहज तरीकाले आधा घण्टामैं नेपालगंज पुगेर बिक्रीवितरण गर्न सक्ने अवस्था सिर्जना भएको उल्लेख गर्दै उनले मौसम अनुसारको तरकारी उत्पादन गरेर बजार पुर्‍याउँदा किसानको आम्दानीको स्तर बढेको बताए। अब स्थानीय सरकारले बिनौना, बैजापुर र फत्तेपुरमा कृषिमा लगानी गरी तरकारी खेतीमा प्रोत्साहन गर्न सके कृषि उपजबाटै आर्थिक अवस्थामा सुधार आउने उनको भनाइ छ।

**दुर्गम गाउँ सुगम बन्दै**

बाँके जिल्लाका ग्रामीण क्षेत्र हुलाकी सडक निर्माणसँगै अहिले सुगम बन्दै गएका छन्। हुलाकी सडक निर्माणले राप्ती सोनारीको बैजापुरदेखि नरैनापुरको सुइया बघौडालाई सदरमुकाम नेपालगंजसँग सीधा सम्पर्क गराएको छ। विगतमा दुर्गम क्षेत्रका रूपमा मानिने नरैनापुरबाट अहिले आधा घण्टामैं नेपालगंज पुग्ने गरिएको नरैनापुरका स्थानीय अगुवा सोहनलाल यादवले बताए। "पहिले भारतको बाटो हुँदै नेपालगंज पुग्नुपर्थ्यो, अहिले आधा घण्टामैं पुगिन्छ"–यादवले भने–"हुलाकी सडक नरैनापुरवासीका लागि 'लाइफलाइन' बन्न पुगेको छ।"

नेपालगंजदेखि नरैनापुरको सुइया बघौडासम्म हुलाकी सडक पुगेपछि स्वास्थ्य र शिक्षामा पनि उल्लेख्य प्रगति भइरहेको नरैनापुर गाउँपालिकाका अध्यक्ष इश्तियाक अहमद शाहले बताए। उनले नेपालगंज–बघौडा ४४ किलोमिटर हुलाकी सडकको निर्माण र कोहलपुर–धामपुर–सुईया बघौडा विद्युतीकरणको काम पूरा भएपछि नरैनापुरवासीको मुहार उज्यालो हुँदै गएको उल्लेख गरे।

यातायातका साधन सञ्चालन भएपछि भारतमा निर्भर रहँदै आएको गाउँको सम्बन्ध सीधा नेपालगंज शहरसँग जोडिएको छ। नरैनापुर गाउँपालिकाका स्थानीय अगुवा विक्रम यादवले हुलाकी सडक कालोपत्र भएसँगै अहिले दैनिक बस, जीप, बोलेरो, ट्याक्टर, मोटरसाइकल आवतजावत गर्न थालेको बताए। उनका अनुसार सडक पुगेपछि स्थानीय उत्पादनको बजारीकरणमा पनि सहज हुँदै गएको छ। बघौडामा उत्पादित वस्तुहरू सीधै सदरमुकाम पुग्न थालेका छन्।

शिक्षा, स्वास्थ्य, यातायातलगायत विकासको पूर्वाधारले गति लिन थालेपछि सो क्षेत्रको महत्त्व पनि बढ्दै गएको छ। गाउँमा सडक नपुग्दा सीमापारि भारतमा दैनिक उपभोग्य सामान किनबेच गर्नुपर्ने बाध्यता पनि अहिले समाप्त भएको छ। हुलाकी सडकले सो क्षेत्रको मुहार नै फेरिदिएको यादवको भनाइ छ।

**हुलाकी सडकले गाउँबस्तीको मुहार फेर्दै**

नेपालगंज–गुलरिया हुलाकी सडक विस्तारको काम धमाधम अघि बढेपछि स्थानीयवासी उत्साहित देखिएका छन्। हुलाकी सडक अन्तर्गत अहिले बाँकेको जानकी र खजुरा गाउँपालिका क्षेत्रमा नाली निर्माण र ग्रावेल गर्ने कार्य भइरहेको छ। एक वर्षको अवधिमैं सडकको मुहारै फेरिने गरी काम भएको जानकी–४ नहरचोकका दिनेश बर्मा ले बताए। "यही गतिमा काम भए हाम्रो घरैअगाडि छिटै चार लेन सडक बन्नेछ"–बर्माले खुशी हुँदै भने–"यति छिटो काम भएकोमा स्थानीय बासिन्दा सबै खुशी भएका छन्।"

गत वर्षको भदौ अन्त्यमा बोलपत्र तथा शिलान्यास भएको यो सडक ठेक्कासम्बन्धी कानूनी प्रक्रिया पूरा गरी निर्माण कार्य शुरू भएको हो। यो सडक निर्माण भएपछि बाँकेको खजुरा क्षेत्रसहित कैलाली र बर्दियाका बासिन्दालाई नेपालगंज पुग्न सहज हुने भएकोले यसलाई गौरवको योजनाका रूपमा लिइएको छ।

खजुरामा निर्माणाधीन चार लेन सडक निर्माण लामो समयसम्म अलपत्र हुँदा निराश बनेका स्थानीयवासीमा अहिले सडक विस्तारको काम धमाधम हुँदा उत्साह थपिएको खजुरा गाउँपालिका अध्यक्ष डम्बर विकले बताए। उनले नेपालगंज–गुलरिया सडक विस्तारको काम अहिले उत्साहजनकरूपमा भइरहेको उल्लेख गर्दै यही गतिमा काम सम्पन्न गर्न गराउन आफूले आवश्यक पहल गरिरहेको सुनाए। निर्माणको जिम्मा पाएको ठेकेदार कम्पनी शर्मा एन्ड कम्पनीका प्रतिनिधि नवीन शर्माले सम्झौता अवधिभन्दा अगावै सकिनेगरी काम गरिरहेको बताए।

बाँकेमा अहिले राप्ती सोनारीको

(बाँकी पाँचौं पातामा)

# नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट




काठमाडौं, २५ मङ्सिर/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमवार दोहोरो अङ्कले ओरालो लागेको छ।

नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १५ दशमलव ४० अङ्कले ओरालो लागेर एक हजार ९४८ दशमलव ५७ मा सीमित भएको छ। आइतवार भएको उच्च अङ्कको वृद्धि आज भने कायम हुन सकेन।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक चार दशमलव ३३ अङ्कले ओरालो लागेर ३६९ दशमलव ४१ मा सीमित भएको छ। कुल एक करोड ४६ लाख ९८ हजार ५१७ कित्ता शेयर रु चार अर्ब ८४ करोड २७ लाख ७४ हजार ३८६ मूल्यमा खरीद–बिक्री भएका छन्। कारोबारका आधारमा सोनापुर मिनरल्स शीर्ष स्थानमा रहेको छ। सो कम्पनीको रु २५ करोड १५ लाख ६० हजार ६०७ बराबरको कारोबार भएको छ। रिलायबल नेपाल लाइफ इन्स्योरेन्स रु १६ करोड ५७ लाख ६६ हजार ८६०, सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी रु १४ करोड ५६ लाख ७६ हजार ९८८, माउन्टेन इनर्जी रु १४ करोड ४० लाख ६९ हजार ९२१ र शिवम् सिमेन्ट रु १३ करोड ७३ लाख १७ हजार २६१ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार बोटलर्स नेपाल बालाजु, सामुदायिक लघुवित्त, डोल्टी पावरको शेयर मूल्यमा १० प्रतिशतको वृद्धि भई सकारात्मक सर्किट लागेको छ। यस्तै, हाथवे इन्भेस्टमेन्ट नौ दशमलव ९० र इन्फिनिटी लघुवित्तका लगानीकर्ताले नौ दशमलव ६० प्रतिशतले कमाएका छन्।

# अन्तर्राष्ट्रिय समाचार

## ‘अनावश्यक रणनीतिक अवरोध’ हटाउन आग्रह

दुबई, २५ मङ्सिर/एएफपी

दुबईमा औपचारिक वार्ता समाप्त हुनुभन्दा २४ घण्टाअघि जुन जीवाश्म इन्धनलाई चरणबद्धरूपमा समाप्त गर्ने सम्झौतामा केन्द्रित कोप–२८ को बैठकमा देशहरूलाई ‘अनावश्यक रणनीतिक अवरोध’ हटाउन आग्रह गरिएको छ।




जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिका प्रमुख सिमोन स्टीलले हरितगृह ग्याँस उत्सर्जन कम गर्न र कम विकसित देशहरूको असरलाई सहयोग गर्न आवश्यक रहेको उल्लेख गर्दै भने, “पहिलो, अनावश्यक रणनीतिक अवरोधलाई हटाउनुहोस्।”

“एकताका लागि समस्या बनेको ‘अनावश्यक रणनीतिक अवरोध’लाई दिमागबाट नहटाएसम्म यसले सबै सम्भावनालाई प्रभावित गर्छ,” उनले भने।

विश्वव्यापी तापमान वृद्धिलाई पूर्वऔद्योगिकस्तरभन्दा कम १.५ डिग्री सेल्सियसभन्दा माथि नराख्ने लक्ष्यलाई कायम राख्ने उपाय खोजेकाले महत्त्वाकाङ्क्षी रहन उनले आग्रह गरे।

स्टीलले भने, “म वार्ताकारहरूलाई वृद्धिवादलाई अस्वीकार गर्न आग्रह गर्दछु। उच्च महत्त्वाकाङ्क्षाबाट पछि हट्ने प्रत्येक कदमले अनगिन्ती लाखौं मानिसको ज्यान लिनेछ।”

“उच्चतम महत्त्वाकाङ्क्षी परिणामहरू सबै सरकारको लागि उनीहरूको क्षेत्र अन्तर्गत वास्तविक जीतको साथ दुबई छोड्ने एकमात्र उपाय हो,” उनले भने।

उनले थपे, “एउटा कुरा निश्चित छ, “म जित्छु, तपाईं हार्नुहुन्छ” भन्ने सोच सामूहिक असफलताको लागि एक समस्या हो। यसले अन्ततः आठ अर्ब जनताको सुरक्षा नै धरापमा परेको छ।”

साउदी अरबको नेतृत्वमा तेल उत्पादकहरूले कडा प्रतिरोध गरेका कारण जीवाश्म इन्धनलाई चरणबद्धरूपमा समाप्त गर्ने आह्वानमा वार्ता तीव्र भएको छ, जुन पृथ्वीको बिग्रँदो सङ्कटको प्रमुख दोषी हो। रासस

## बेइजिङमा व्यापक हिमपात, सडक यातायात प्रभावित

बेइजिङ, २५ मङ्सिर/सिन्ह्वा

आइतवार साँझदेखि परेको हिमपातका कारण सोमवार बिहानदेखि बेइजिङमा सडक यातायात अवरुद्ध भएको छ।

आइतवार साँझ ७ बजेदेखि सोमवार बिहान ८ बजेसम्म बेइजिङ शहरमा औसत ५.७ मिमी हिमवर्षा भएको छ।



सोमवार बिहान चीनको राजधानी बेइजिङको जिङशान पार्कमा मेशीनले हिउँ हटाउँदै एकजना कामदार। तस्वीरः सिन्ह्वा

बेइजिङ मौसम विज्ञान सेवाले उपलब्ध गराएको तथ्याङ्क अनुसार सबैभन्दा बढी हिमवर्षा भएको फाङशान जिल्लामा १०.२ मिलिमिटरसम्म हिउँ जमेको छ।

शहरको मौसम केन्द्रले सोमवार पनि हल्का हिमपात जारी रहने र अपराह्न ४:५० बजेपछि हिमवर्षा कम हुने जानकारी गराएको छ।

चीनमा चार तहको मौसम चेतावनी प्रणाली छ, जसमा रातो रङले सबैभन्दा गम्भीर चेतावनीको प्रतिनिधित्व गर्दछ भने त्यसपछि सुन्तला, पहेंलो र नीलोले क्रमशः घट्दो जोखिमलाई सङ्केत गर्दछ।

मौसम पूर्वानुमान अनुसार सोमवार पनि हल्का हिमपात जारी रहने छ। रासस

## इजरायली तोपखाना पहिलोपटक गाजा क्षेत्रमा

तेल अबीब, २५ मङ्सिर/एएनआई

इजरायली सेनाले गाजा क्षेत्रमा पहिलोपटक तोपखाना सञ्चालन गरेको छ। इजरायली भूमिमाथि आक्रमण भएपछि ‘डिफेन्स फोर्स आर्टिलरी’ गाजापट्टीभित्र तैनाथ गरिएको सेनाले जनाएको छ।

पछिल्ला केही दिनमा सो तोपखाना २८२औं फायर ब्रिगेडका सैनिकहरूले सीमा पार गरेर गाजापट्टीमा तैनाथ गरेका हुन्।

तोपखाना परिचालित कारबाईका क्रममा २० भन्दा बढी आतङ्कवादी लक्ष्यहरूमा आक्रमण गरिएको बताइएको छ। सो आक्रमित क्षेत्रमा आतङ्कवादी सङ्गठन हमासका हतियार गोदामहरू र सैन्य पूर्वाधारहरू रहेको बुझिएको छ।

इजरायल डिफेन्स फोर्सले गाजामा ‘आइरन स्वर्ड्स युद्ध’ शुरू भएदेखि करीब ६०० घाइते सैनिकहरूको उद्धार गरेको छ। दुई महीनाभन्दा बढीको अवधिमा करीब ३०० उद्धार उडानबाट ती सैनिकहरूको उद्धार गरिएको सेनाले जनाएको छ।

आइतवारदेखि घाइते सैनिकहरूको विवरण आफ्नो वेबसाइटमा अद्यावधिक गरिने पनि सेनाले जनाएको छ।

सेनाको चिकित्सकसहित विशेष रणनीतिक उद्धार एकाइहरूले गाजापट्टीबाट उद्धार गतिविधि जारी राखेका छन्।

उद्धार कार्यको नेतृत्व वायुसेना सहयोग एकाइका सहायक अधिकारीहरूले गर्ने गरेको बताइएको छ। यो एकाइले स्थल र वायुसेनाबीच समन्वयको भूमिका गरिरहेको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष — रोगभय | वृष — व्यापारवृद्धि |
| मिथुन — कडापरिश्रम | कर्कट — चोरभय |
| सिंह — भयचिन्ता | कन्या — मित्रमिलन |
| तुला — कान्तिक्षय | वृश्चिक — सुयश |
| धनु — खर्चवृद्धि | मकर — धनलाभ |
| कुम्भ — कर्मप्राप्ति | मीन — राज्यभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बुक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**धान थन्काउदै किसान** : मोरङको पथरी शनिश्चरे–५ का किसान धान थन्काउँदै। तस्वीरः रासस

## भाग्यलाई आफैंले बनाउनुपर्छ –नगरप्रमुख सिंह

प्रस, वीरगंज, २५ मङ्सिर/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले भाग्यलाई आफैंले बनाउनुपर्ने बताएका छन्।

वीरगंज महानगरपालिका–४ गणेशमान चोकमा नवनिर्मित द स्मोकिङ हाउस रेस्टुरेन्ट एन्ड बारको उद्घाटन गर्दै नगरप्रमुख सिंहले रोजगारको लागि विदेशिनुभन्दा स्वदेशमा रोजगार सिर्जना गर्नुपर्ने बताए। उनले युवाहरूले अहिलेको आर्थिक मन्दीको चुनौती सामना गर्न सक्ने र चुनौती लिन हिचकिचाउन नहुने सुझाए। उनले युवाहरूमा हिम्मत, हौसला हुनुपर्छ र अनिमात्र परिवर्तन सम्भव हुने बताए।




अङ्कुर गोयङ्काको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा वडाध्यक्षहरू जगतसाह कानू, प्रदीप चौरसिया, ग्रीनसिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष प्रकाश खेतान, सामुदायिक सेवा केन्द्र कुम्हालटोलका रमेश चौधरी, पत्रकार महेश गौतमलगायतको सहभागिता थियो।

### हुलाकी सडक ...

फत्तेपुरस्थित कुण्डादेखि बैजापुरको नारायणपुरसम्म २१ किलोमिटर, नेपालगंज–गुलरिया सडकखण्डको २८ किलोमिटर र नेपालगंजको पुष्पलाल चोकदेखि पूर्व १० किलोमिटर क्षेत्रको हुलाकी सडक निर्माण भइरहेको हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय, नेपालगंजका सूचना अधिकारी इन्जिनीयर कृष्ण पाण्डेले बताए। उनका अनुसार राप्ती सोनारीको फत्तेपुरस्थित कुण्डादेखि बैजापुरको नारायणपुरसम्म २१ किलोमिटर कालोपत्रे काम एपिक्स कन्काई खड्का जेभीले रू ७६ करोडको लागतमा गरिरहेको छ भने नेपालगंज–गुलरिया सडकखण्डको २८ किलोमिटर मध्ये ११.६ किलोमिटर चारलेन र बाँकी दुई लेनको काम रू दुई अर्ब ७८ करोडमा शर्मा एन्ड कम्पनीले गरिरहेको छ।

यसैगरी, नेपालगंजको पुष्पलाल चोकदेखि पूर्व १० किलोमिटर क्षेत्रको हुलाकी सडक विस्तारको काम ज्ञानिस शारदा जेभिले रु १२ करोडमा विस्तारको काम गरिरहेको छ। फत्तेपुरस्थित कुण्डादेखि बैजापुरको नारायणपुरसम्म २१ किलोमिटर कालोपत्रे सडक निर्माण सकिएर रङरोगनको काम भइरहेको छ भने अन्य दुईवटै हुलाकी सडकको काम तीव्र गतिमा भइरहेको इन्जिनीयर पाण्डेले जानकारी दिए।

### सीताराम ...

तान्नका लागि यही महामहोत्सवका अवसरमा विभिन्न प्रकारका अन्नबाट ११ हजार ११ वर्गफिटको सीताराम प्रतिमा बन्दैछ।

विश्व रेकर्ड कायम गर्ने गरी रङ्गभूमि मैदानमा करीब १०२ क्वीन्टल अन्नबाट बन्न लागेको सो प्रतिमा यसपटकको मुख्य आकर्षणका रूपमा रहने परिकल्पनाकार गुनगुन मिश्रले बताइन्। “हुनत सीतारामको विवाह र जनकपुरको महिमा नजान्ने को होलान् र ! तर पनि पछिल्लो समय विभिन्न कारणले हाम्रा सम्पदा, हाम्रो सम्भावनाका क्षेत्रहरूमा मानवीय चहलपहल शिथिल बनिरहेको छ। गिनिजबूकमा रेकर्ड दर्ज गराएर जनकपुरमा विश्वको ध्यान तान्नका लागि यो प्रतिमा अर्थपूर्ण हुनेछ,” गुनगुनले भनिन्।

विज्ञान सङ्कायबाट कक्षा १२ सकेर थप अध्ययनको तयारी गरिरहेकी जनकपुरधाम–४ निवासी गुनगुनले कोरोनाको समयमा बन्द कोठामा बुनेको सपना थियो यो। बन्दाबन्दीको बेला टिभी हेर्ने क्रममा श्रीराम जन्मस्थल आयोध्यामा अनाजबाट प्रतिमा बनाएर विश्व रेकर्ड राखेको हेरेपछि सीता जन्मभूमि जनकपुरबाटै त्यो रेकर्ड तोड्ने विश्वाससहित आफूले योजना बुनेको गुनगुनको भनाइ छ।

गुनगुनकी आमा सालिनी मिश्रले छोरीकै प्रस्तावमा बन्न लागेको प्रतिमाले जनकपुरधामकै नाममा विश्व रेकर्ड बन्ने भएकाले आफूहरू उत्साहित भइरहेको बताइन्। “शुरूमा परिवारका सदस्यहरूलाई पनि छोरीको कुरा सुन्दा विश्वास नै लागेको थिएन। झन् अनाज खेर जाने पो हो कि भन्ने लागेर, यस्तो पनि गर्ने भन्ने लागेको थियो। तर आज त्यही विश्वास नगरेको कुरा साकार हुन लागेको देख्दा अत्यन्तै हर्षित छु,” उनले भनिन्।

गुनगुन आफैंलाई पनि यति ठूलो प्रस्तावमा अरूले सहमति जनाउँदैनन् होला भन्ने लागेको थियो। तर पनि कुरा गर्न भने नछोड्ने उनको अठोट थियो। “शुरूमा त म आफैंलाई नै सपना मात्रै होलाजस्तो लागेको थियो। तर आफ्नो योजना बुबाआमालाई सुनाएँ। कुनै अरू चाडपर्वको सन्दर्भ पारेर बनाउनेकी भन्ने कुरा पनि उठेको थियो। तर आमाबुबाले विवाहपञ्चमीमा उपयुक्त हुने सुझाव दिएपछि सोही अनुसार कुरा अगाडि बढेको हो,” गुनगुनले योजनाबारे भनिन्, “त्यो प्रस्ताव शुरूमा जानकी मन्दिरका महन्त, पछि जनकपुरधाम उपमहानगर प्रमुख, उद्योग वाणिज्य सङ्घसँगको पटकपटकको परामर्शपछि सम्भव भएको हो। उहाँहरूले पुनः अन्नको उपयोग हुने सुनिश्चिततापछि यसमा सहमति जनाउनुभएको हो।”

श्री सीताराम अनाज प्रतिमा निर्माण समितिको संयोजकको जिम्मा पाएको जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष जीतेन्द्र महासेठले जनकपुरकी छोरी गुनगुनले राखेको प्रस्ताव अनुसार नै प्रतिमाको काम भइरहेको बताए। उनले प्रतिमा बनाउन प्रयोग हुने अन्नको पूर्ण पुनःउपयोगको सुनिश्चिततापछि मात्रै जिम्मेवारी लिएको समेत बताए।

“हो, धेरैले आर्थिक मन्दी र खाद्यान्न सङ्कटको बेला यो खेर जाने काम किन गरेको भन्ने गरेको सुनेको छु। तर त्यसमा प्रयोग भएको कुनै खाद्यान्न खेर जाँदैन। मिसावट हुने १० प्रतिशत जति अन्नको नेपालमैं र बाँकी ९० प्रतिशत अन्न अयोध्यामा बन्न लागेको मन्दिर उद्घाटनको बेला पठाउने र नेपालकै मानव आश्रम, धर्मशालाहरूमा प्रयोग गरिनेछ। यसमा सबै नगरवासी, व्यापारी, बुद्धिजीवी सबैले स्वस्फूर्त सहयोग गर्ने प्रतिबद्धता आएको छ,”, महासेठले भने।

विभिन्न १२ वटा विश्व रेकर्ड बनाएका भारतीय मूलका सतीश गुर्जरको समूहले यो प्रतिमा बनाइरहेको छ। प्रतिमामा २५ क्वीन्टल चामल, छ क्वीन्टल गहुँ, छ क्वीन्टल सोयाबिन, १८ क्वीन्टल चना, १८ क्वीन्टल उरिद, चार/चार क्वीन्टल चना, रहर, मसुरको दाल, तीन क्वीन्टल मकै, दुई क्वीन्टल मोमफली र १२ क्वीन्टल मुंगको दाल तथा बाँकी खर्चसमेत गरी २१ लाखभन्दा बढी खर्च लाग्ने निर्माण समिति संयोजक महासेठले बताए। यसअघि भारतको अयोध्यामा बनाइएको १० हजार वर्गफिटको प्रतिमाले विश्व रेकर्ड बनाएको थियो।

**महामहोत्सव व्यवस्थापन**

सीतारामको स्वयंवर हुने रङ्गभूमि मैदान बाह्रबिघा, नगरका अन्य क्षेत्रमा शौचालय, नगर सरसफाइ, मञ्च व्यवस्थापनलगायतका जिम्मेवारी जनकपुर उपमहानगपालिकाले गरिरहेको छ।

सुरक्षा, ट्राफिक र यातायात व्यवस्थापनका लागि सम्बद्ध सरोकारवालाहरूले पनि जिम्मेवारी अनुसार काम गरिरहेका छन्। जिल्ला प्रहरी कार्यालय, धनुषाका प्रमुख प्रहरी उपरीक्षक मित्रबन्धु शर्माले सहज यातायातको व्यवस्थापन, सुरक्षा व्यवस्था चुस्तदुरुस्त बनाउन नेपालका सबै सुरक्षा निकायका करीब साढे १४ सयभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिने बताए।

विवाहपञ्चमीमा लाखौं मान्छेको

(बाँकी अन्तिम पातामा)

# अब अलमलिनुहुँदैन -अध्यक्ष ओली

प्रस, वीरगंज, २५ मङ्सिर/

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले एमालेका नेता, कार्यकर्ताले अब अलमलिनुपर्ने अवस्था नरहेको बताएका छन् ।




समृद्धिको लागि सङ्कल्प यात्रा अन्तर्गत सोमवार सिन्धुपाल्चोकको खाडीचौरमा आयोजित सभामा अध्यक्ष ओलीले एमालेले विकासका अनेक काम गर्दागर्दै पनि सरकारबाट हटाउने काम भएको आरोप लगाए । उनले विकास निर्माणका कामलाई युद्धस्तरमा अगाडि बढाएको, पुनर्निर्माणका काम गरेको दाबी पनि गरे ।

सिन्धुपाल्चोकलाई एमालेले विपत् क्षेत्र घोषणा गरी काम गरेको उनले बताए ।

अध्यक्ष ओलीले एमालेको सरकार नभएको भए मेलम्चीलाई व्यवस्थापन गरी काठमाडौंमा खानेपानी नै नझर्ने दाबी गरे । उनले सिन्धुपाल्चोक सचेत भूमि, शहीदको भूमि, यो ठाउँ अलमलिनुहुँदैन भनेर बताए ।

मध्यपहाडको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक अवस्था तथा उद्योग, पर्यटनलगायतका सम्भावना बुझ्न एमाले अध्यक्ष ओलीको नेतृत्वमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्षहरू युवराज ज्ञवाली, रामबहादुर थापा, विष्णु पौडेल, सुरेन्द्र पाण्डे, महासचिव शङ्कर पोखरेल, उपमहासचिव प्रदीप ज्ञवाली, पृथ्वीसुब्बा गुरुङ, केन्द्रीय कमिटी, प्रदेश कमिटीलगायतका नेताहरू, प्राविधिक, विज्ञ सम्मिलित टोलीसहित समृद्धिको लागि सङ्कल्प यात्रामा छन् । बैतडीको झुलाघाटबाट मङ्सिर १४ गतेदेखि शुरू भएको यात्रा पुस १ गते पाँचथरको चिवाभन्ज्याङ पुग्ने कार्यक्रम छ ।

**सीताराम ...**

सहभागिता हुने भएकाले विभिन्न ठाउँमा ट्राफिक बिन्दु तोकेर काम गरिने जिल्ला ट्राफिक प्रहरी कार्यालय, धनुषाका प्रमुख, प्रहरी निरीक्षक शेखरकुमार साहले बताए। उनका अनुसार नगरभित्र ई–रिक्शा, अटोरिक्शा, मोटरसाइकललाई रामानन्दचोक, बजरङ्गचोक, महावीरचोक, भैरवचोक र अदालतमोडमा रोकिने र कदमचोक, भानुचोक र शिवचोकलगायतकै चोकमा रोक्ने व्यवस्था मिलाइएको छ ।

जनकपुरधाममा सीतारामसँग जोडिएका विविध पक्ष र प्रसङ्गमा पनि हरेक महीनाको पूर्णिमाका दिन मासिकरूपमा मेला लाग्छ । जस्तै चैत्र शुक्ल नवमी तिथिमा मर्यादा पुरुषोत्तम भगवान् श्री रामचन्द्रको जयन्ती रामनवमी, वैशाख शुक्ल नवमी तिथिमा जानकी प्राकट्य महोत्सव, श्रावण शुक्ल तृतीयादेखि पूर्णिमासम्म झुला महोत्सव तथा फाल्गुण शुक्ल पक्षमा पन्ध्र दिवसीय मिथिला पञ्चकोशी परिक्रमा (जनकपुरधामदेखि पाँच कोसको दूरीमा रहेको जानकीको बाललीलासित सम्बद्ध ठाउँको परिक्रमा) तथा अन्त्यमा फागु पूर्णिमाका दिन जनकपुरधामको अन्त:गृह परिक्रमा गरी सम्पन्न हुन्छ ।


## मुटुरोगलगायतका स्वास्थ्य समस्याबाट बच्न

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं,
- नियमित रूपमा शारीरीक व्यायाम गरौं,
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं,
- धुम्रपान र मद्यपान नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्लास्टिक सर्जरी ...**

गिजामा प्वाल भएका तथा तालुमा प्वाल भएका दशजना छनोट गरिएको र उनीहरूको प्लास्टिक सर्जरी सेवा फाउन्डेशन तथा वयोधा अस्पतालको संयुक्त सहकार्यमा गरिने बताए ।

छनोट भएका दशजनाको प्लास्टिक सर्जरी काठमाडौंमा हुने र त्यसका लागि बिरामीसँग एकजना कुरुवाको पनि यातायातसहित खानेबस्ने सुविधा निश्शुल्क उपलब्ध गराइने वयोधा अस्पतालका फिल्ड सुपरभाइजर कर्णप्रसाद जैसीले बताए ।

**वन संरक्षण ...**

दास, बाराका डिएफओ विनोद सिंह, रौतहटका डिएफओ शैलेन्द्र मिश्र, सर्लाहीका डिएफओ मन्जुर अहमदलगायतका वन कर्मचारी रहेका थिए ।

# खेलकूदको संसार

## मेयर कप टी–२०मा कालिकामाई गापा विजयी

दिनेश मिश्र, वीरगंज, २५ मङ्सिर/

पोखरिया नगरपालिकाको सहयोग र वडा कार्यालय–६ को आयोजनामा हिजो आइतवारदेखि शुरू भएको पाँचौं मेयर कप टी–२० क्रिकेट प्रतियोगिता अन्तर्गत सोमवार दोस्रो दिनको खेलमा कालिकामाई गाउँपालिका विजयी भएको छ ।




पोखरियाको शेरा खेलमैदानमा टस जितेर ब्याटिङ गरेको कालिकामाई गापाले निर्धारित २० ओभरको खेलमा पाँच विकेट गुमाएर १७७ रन बनाएको थियो ।

प्रतिउत्तरमा १७८ रनको विजयी लक्ष्य लिएको बहुदरमाई नगरपालिका १९ ओभरमा सबै विकेट गुमाएर १६३ रन बनाएर पराजित भयो । आजको खेलमा ५६ रनसहित दुई विकेट लिएका कालिकामाई गापाका जावेद हुसेन ‘म्यान अफ दी म्याच’ घोषित भए ।

भोलि मङ्गलवार तेस्रो दिन धोबिनी र जगरनाथपुर गापाबीच खेल हुने आयोजक कमिटीले जनाएको छ ।

## नेपाल सुपर लिग फूटबल : काठमाडौं रेजर्स विजयी

काठमाडौं, २५ मङ्सिर/रासस




नेपाल सुपर लिग फूटबल प्रतियोगितामा काठमाडौं रेजर्सले पोखरा थन्डर्सलाई पराजित गरेको छ। त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा सोमवार भएको खेलमा काठमाडौंले पोखरालाई २–१ गोलअन्तरले पराजित गर्‍यो ।

खेलको दोस्रो हाफको अतिरिक्त समयमा जोकिर उगली शोख्रूखले गोल गरेपछि काठमाडौंको जीत पक्का भएको थियो । त्यसअघि खेलको ५९औं मिनेटमा पोखराका खेलाडी आयुष घलानले गोल गर्दै आफ्नो टोलीलाई अग्रता दिलाएका थिए । तर काठमाडौंका खेलाडी एनकुनगुए जुनियरले खेलको ८३औं मिनेटमा एक गोल फर्काउँदै खेललाई एक/एक गोलको बराबरीमा ल्याएका थिए। त्यसपछि खेलको दोस्रो हाफको अतिरिक्त समयमा शोख्रूखले गोल गर्दै काठमाडौंको जीत पक्का गरे ।

यस जीतसँगै काठमाडौंले पाँच खेलमा आठ अङ्क जोडेको छ। त्यस्तै, समान खेल खेलेको पोखराको पनि समान आठ अङ्क नै छ। भोलि दशरथ रङ्गशालामा साँझ ५ बजे हुने खेलमा झापा फूटबल क्लब र बुटवल लुम्बिनी एफसीबीच प्रतिस्पर्धा हुनेछ ।






**बिएचयू ...**

बुझिन्छ। उनले पेश्की रकमसहित विद्यार्थीहरूको सक्कल शैक्षिक प्रमाणपत्र आफ्नो नियन्त्रणमा लिने गरेका छन् ।

अनुसन्धानको क्रममा फेसबूकमा प्रवेश गरेपछि आर्यन कन्सल्टेन्सी, वीरगंजले aryaneducationalconsultancy र aryaneducationhub गरी दुईवटा फेसबूक पेज खडा गरेको पाइयो । यी दुईवटा पेजमध्ये aryaneducationalconsultancy मा बिएचयूमा भर्नासम्बन्धी लोभलाग्दो ब्यानरमा सम्पर्क ठेगाना र मोबाइल नम्बर आदि उल्लेख गरी प्रचारप्रसार गरिरहेको पाइयो । सेवा शुल्क के कति लाग्ने भन्नेबारे जानकारी समाविष्ट छैन।

त्यसैगरी, सामाजिक मनोविज्ञानमा गहिरो प्रभाव पार्नका लागि आर्यन कन्सल्टेन्सीले ठेगानामा ‘भारतीय दूतावासपछाडि’ भन्ने शब्दको प्रयोग गरेको, भर्ना हुने प्रत्येक विद्यार्थीहरूलाई बिएचयूले स्वाभाविकरूपमा प्रदान गर्दै आइरहेको भारु छ हजार छात्रवृत्ति रकमलाई ब्यानरमा ‘Under Schlorship’ उल्लेख गरेको, सञ्चारमाध्यहरूको फेसबूक पेजका साथै उच्च फलोअर्स रहेका विभिन्न फेसबूक पेजहरूमा बारम्बार साझा गरेको देखिन्छ । यी प्रत्यनहरूले सञ्चालकहरूको मनोविज्ञान बुझ्न कठिन छैन ।

उक्त पोस्टमा विभिन्न स्थानबाट विद्यार्थीहरूले बिएचयूमा भर्नाको लागि कमेन्ट गरी चासो व्यक्त गरेका देखिन्छन्। कन्सल्टेन्सीको तर्फबाट मेसेन्जरमा जानकारी पठाइएको र प्रतिउत्तर फर्काइएको देखिन्छ ।

बिएचयूको भर्ना प्रक्रिया धेरै जटिल र झन्झटिलो बताउँदै विद्यार्थी तथा अभिभावकको मनोविज्ञानमाथि प्रहार गरी अभिभावक राजी भएपछि शुरूमा भारु दुईदेखि तीन लाख लाग्ने बताइन्छन्। यद्यपि सेवाग्राहीले जति बार्गेनिङ गरे पनि घटीमा भारु एक लाखभन्दा कम रकम कुनै पनि सेवाग्राहीसँग नलिएको सम्पर्कमा आएका विद्यार्थी, अभिभावकहरूको कथनबाट अवगत हुन्छ।

रकमको कुरा मिलेपछि विद्यार्थीको सक्कल शैक्षिक प्रमाणपत्र लिनुका साथै सकेसम्म सकार गरेको रकम एकमुस्ट लिने वा नभए अग्रिम लिने गरिन्छ । उनले भर्ना कहिले खुल्ने बताउँदैनन् तर लामो समय लाग्ने भन्छन् । बिएचयूमा नयाँ भर्नाको लागि आह्वान भएपछि विद्यार्थीको इमेल ठेगाना सिर्जना गरी अनलाइन फर्म भरेर सबमिट गर्छन् । इमेल आफैंले सिर्जना गरेको, पासवर्ड आफैसँग भएको र अस्थायी प्रवेशपत्र आफ्नै हातमा आउने भएपछि बक्यौता रकम डुब्ने डरै भएन ।

**बिएचयूका पूर्वविद्यार्थीहरूको भनाइ**

बिएचयूका पूर्वविद्यार्थीहरूका अनुसार पहिले स्वयम् उपस्थित भई फाराम भर्ने, शुल्क जम्मा गर्ने र विद्यार्थीको नाम छनोट भएपछि फाराममा उल्लिखित वैधानिक ठेगानामा बिएचयूद्वारा अस्थायी नामाङ्कनपत्र हुलाकमार्फत प्रेषण गर्ने प्रावधान थियो । हुलाकबाट पत्र आउन ढिलो त हुन्थ्यो, तर अस्थायी प्रवेशपत्र विद्यार्थीकै हातमा पुग्थ्यो । यस कारण शैक्षिक माफियाहरू पहिले यतिविघ्न सक्रिय थिएनन् ।

अहिले अनलाइनमार्फत जो कसैले जो कसैको र जहाँसुकैबाट फाराम भर्न मिल्ने सुविधा छ । त्यसैगरी, बिएचयूको खातामा जहाँसुकैबाट जो कसैले पनि फाराम शुल्क जम्मा गर्न मिल्ने सुविधा छ । यो सुविधालाई माफियाहरूले अनजान सेवाग्राहीको मनोविज्ञानलाई पढी ठगी गर्ने उपक्रमको रूपमा प्रयोग गरिरहेका छन् । माफियाहरूले बिएचयूमा जानै पर्दैन।

**इन्टरनेशनल सेन्टर, बिएचयूको भनाइ**

इन्टरनेशनल सेन्टर, बिएचयूका संयोजक प्रोफेसर एसभिएस राजुसँग फोन सम्पर्क गरियो । उनले कुनै पनि देशमा बिएचयूको शैक्षिक परामर्श केन्द्र नरहेको स्पष्ट पार्दै भने, “नेपालमा विद्यार्थीहरू ठगीमा परिरहेका छन् भन्ने हामीहरूलाई जानकारी प्राप्त भएको छ, जसले पनि ठगीधन्दा गरिरहेको छ, त्यो राम्रो होइन।”

उनले बिएचयूमा दुई तरीकाले अन्तर्राष्ट्रिय विद्यार्थीहरूले प्रवेश पाउने व्यवस्था रहेको अवगत गराए। पहिलो, आइसिसिआरद्वारा छात्रवृत्ति प्राप्त गरी आउने र दोस्रो, निजी खर्चमा । निजी खर्चमा पढ्न चाहने विद्यार्थीहरूले भर्ना खुलेको बेलामा अफलाइन फाराम भर्ने भए सीधैं बिएचयूको अन्तर्राष्ट्रिय केन्द्रमा आउन सक्छन् भने विद्यार्थीहरूको सुविधालाई ध्यानमा राखी जहाँसुकैबाट पनि अनलाइन फाराम भर्न मिल्ने व्यवस्थासमेत भएको बताए ।

उनले प्रत्येक वर्षको फेब्रुअरी/मार्च महीनामा विविध सङ्कायमा भर्ना प्रक्रिया खुल्ला हुने अवगत गराए । बिएचयूको वेबसाइटमार्फत जहाँसुकैबाट फाराम भर्न मिल्ने भएकोले इन्टरनेट चलाउन जान्ने जोकोहीले पनि सजिलै फाराम भर्न सक्छ। फाराम भरिसकेपछि बिएचयूले जारी गरेको बैंक खातामा फाराम शुल्क भारु तीन हजार जम्मा गर्नुपर्छ ।

उनले भने, “हामीले प्राप्त फारामहरू सम्बन्धित सङ्कायमा पठाउँछौं। सम्बन्धित सङ्कायले शैक्षिक योग्यता आदि मिले/नमिलेको जाँचबुझ गर्छ। त्यसपछि स्वीकृत/अस्वीकृत भएको जानकारीसहित नामावली इन्टरनेशनल सेन्टरमा आउँछ ।”

केही वर्षयतादेखि पहिलो आउनेलाई पहिलो प्राथमिकताको प्रावधान छ। सोही प्रावधान अनुसार हामीले छनोट भएका विद्यार्थीहरूको नामावली प्रकाशन र फाराममा उल्लिखित इमेल ठेगानाहरूमा अस्थायी प्रवेशपत्र प्रेषण गर्छौं । उक्त पत्रमा सक्कल शैक्षिक प्रमाणपत्रसहित विद्यार्थी उपस्थित हुनुपर्ने निर्धारित तिथिका साथै लाग्ने शुल्क आदि विवरणहरू उल्लेख गरिएका हुन्छन् । तोकिएको समयावधिभित्र उपस्थित भएका विद्यार्थीहरूको नामाङ्कनको प्रक्रिया प्रारम्भ हुन्छ ।

**उमेश पण्डितको प्रतिक्रिया**

अभिभावक, विद्यार्थीहरूको आरोपको सम्बन्धमा आर्यन एजुकेशन कन्सल्टेन्सी, वीरगंजका सञ्चालक उमेश पण्डितले प्रतीक दैनिकले अन्तर्राष्ट्रिय केन्द्र, बिएचयूबाट भर्नासम्बन्धी प्राप्त जानकारीलाई स्वीकार गर्दै आफूले सेवाप्रवाह गरेबापत शुल्क मात्र लिएको बताए । यद्यपि फाराम दर्ता तथा प्रबन्धपत्रमा उल्लिखित नियम अनुसार सेवा शुल्क लिए/नलिएको बारेमा उनको भुल्याउने मनस्थिति थियो । पण्डितले बिएचयूको शैक्षिक परामर्शदाता कहीं पनि नरहेको स्वीकार गरे । त्यसैगरी, पण्डितले नयाँ विद्यार्थी भर्नाको सङ्ख्याबारे आफूले बिएचयूबाटै सूचना प्राप्त गर्ने गरेको अवगत गराउँदै विनासाँठगाँठ कसरी भर्ना हुन्छ ? भन्ने प्रतिप्रश्न गरेका थिए ।